नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०५४/०५५
वर्ष ३९ अंक २० २०७७ साल मंसिर २८ गते आइतवार (13 Dec 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिवाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** हाम्रो देशमा पनि धार्मिक ... **पृष्ठ ३ मा :** महिलाहरु आयश्रोतका ... **पृष्ठ ४ मा :** कोरोनाबाट जोगिन स्वास्थ्य ... **पृष्ठ ५ मा :** मुसहरनियामा पहिलो पटक ...

# संघीय सरकारद्धारा संघीयता समाप्त पार्ने षडयन्त्र : प्रदेश मन्त्री साह



**राजविराज/**प्रदेश २ का भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले संघीय सरकारले जनताको संघर्षबाट प्राप्त संघीयता समाप्त पार्ने षडयन्त्र गरिरहेको आरोप लगाएका छन् ।

सप्तरी जिल्ला संसदीय क्षेत्र नम्वर २ का प्रदेश सभा सदस्य साहले राजविराजमा शुक्रवार सम्पर्क कार्यालय उद्घाटन गर्दै सो आरोप लगाएका हुन् ।

उनले संवैधानिक तथा कानूनी अड्चनका कारण प्रदेश सरकारले चाहेर पनि द्रूत गतिमा काम गर्न नसकिरहेको बताउँदै हरेक पाइलामा संघर्ष गरेर अगाडि बढ्नुपर्ने बाध्यता रहेको जिकिर गरे ।

संवैधानिक तथा कानूनी अड्चनका कारण प्रदेश सरकार संघर्षका बीच अगाडि बढिरहेको बताउँदै मन्त्री साहले प्रदेश सरकारले संविधानलाई टेकेर समेत अगाडि बढ्दा संघले विभिन्न बहानामा अवरोध पुर्याउँदै आएको गुनासो गरे ।

प्रदेश सरकारलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि २३ वटा कानून निर्माण गरिसकेको जानकारी दिँदै मन्त्री साहले मधेशी जनताको चाहना अनरुप आफ्नो शासन आफ्नै प्रशासन भने चाहना अनरुप प्रदेश सरकारले ल्याएको प्रहरी ऐन ल्याएर प्रहरी भर्ना गर्न ओज्दा अवरोध पुर्याएपछि सर्वोच्चमा रिट दायर गरेर हामी अगाडि बढ्ने तयारीमा रहेको बताए ।

उनले लोकसेवा आयोगले कर्मचारी भर्ना रोकिदा अहिले प्रदेश लोकसेवाले विभिन्न पदमा कर्मचारी भर्नाकालागि दरखास्त आह्वान समेत गरिसकेको जानकारी दिए ।

संघीयतालाई मजबुत बनाउन जस्तोसुकै चुनौतिको सामना गर्दै प्रदेश सरकार अगाडी बढिरहेको भन्दै उनले आ-आफ्नो स्थानबाट सहयोगका लागि सबैसँग आग्रह पनि गरे ।

आफु प्रदेश सभा सदस्यमा जितेर गएपछि प्रदेश सरकारको मन्त्रीको जिम्मेवारीमा रहेको तथा पार्टीको जिम्मेवारी समेत काँधमा रहेको अवस्थामा जनतासँग समय दिन नसकिरहेकोले सबैको

***बाँकी पाँच पृष्ठमा***

# अग्निपीडितलाई राहत प्रदान




**राजविराज/**धर्मी हल्फा महिला विकास क्लवले सप्तरीको रुपनी गाउपालिका २ पिपराहीको अग्निपीडित परिवारलाई राहत प्रदान गरेको छ ।

स्थानिय राजदेव मण्डललाई राहतस्वरूप त्रिपाल, झुल, तन्ना, धोती, साडी, थाल, ग्लास, कराही, डेक्ची, छोलनी लगायतका सामाग्री संस्थाका तर्फबाट अध्यक्ष समाजसेवी ई सूर्य नारायण यादवले वितरण गरे ।

# पार्किङ गरिएको भ्यानमा आगजनी




**राजविराज/**सप्तरीको विष्णुपुर गाउँपालिका ६ गोरगामास्थित एक घरमा पार्किङ गरिराखिएको पिकअप भ्यानमा आगजनी भएको छ ।

उक्त वडा निवासी बेचन मुखियाको घर अगाडी पार्किङ गरिराखिएको स.१च. १७२५ नं. को निजी भ्यानमा शनिबार बिहान आगजनी भएको हो ।

आगजनीबाट गाडीको इन्जिनसहित अग्रभाग पुरै जलेर क्षतिग्रस्त हुँदा करिब १८ लाख बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले आगजनी कसले गरेको हो भन्ने कुराको अहिलेसम्म यकिन हुन सकेको बताए । यता सवारीधनी मुखियाले बिहान ४ बजेतिर नचिनेका केही मानिसले खर, पराल र पेट्रोल लिएर आई गाडीमा आगजनी गरि भागेको बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता समेत रहेका डिएसपी साहले उक्त घटनाको सत्यतथ्य पत्ता लगाउन सुक्ष्म रुपमा अनुसन्धान थालिएको जानकारी दिए ।



## सम्पादकीय

# विभिन्न विभेदप्रति कार्यान्वयन पक्ष चुस्तदुरुस्त बनाऔं

नेपाल जस्तो अविकसित देशमा मात्र नभई संसारका विकसित र विकाशील देशहरुमा धन, जात, रंग, धर्म, लिंग लगायतका आधारमा थिचोमिचो र विभेद हुने गर्दछ। विभेदरहित देश बनाउन असम्भव हुने कुरा कटुसत्य हो, तर राज्य र सचेत नागरिकले इमान्दार प्रयास गरेमा सबै प्रकारका विभेद न्यूनीकरण भने सहजै गर्न सकिन्छ।

गैरकानूनी भएपनि नेपाल सबै भन्दा बढी लाजमर्दो अवस्था जातीय भेदभावमा छ। सानो जातका भनिएका दलितहरुलाई हजारौं वर्षदेखि विभेद गरिदै आइएको छ। दलित समुदायलाई पहाडे दलित, मधेशी दलित र नेवारी दलितमा विभाजन गर्ने गरिन्छ र सबैभन्दा पीडित भने मधेशी दलित छन्। नेपालको संविधान २०७२ धारा २४ ले छुवाछुत तथा भेदभाव विरुद्धको हक सुनिश्चित गरेको छ। धारा २४.१ बमोजिम कुनै पनि व्यक्तिलाई निजको उत्पति, जातजाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा निजी तथा सार्वजनिक स्थानमा भेदभाव गर्नु हुन्न भन्दाभन्दै पनि कानूनको फितलो कार्यान्वयनका कारण अझै पनि दलितहरुसँग जातीय भेदभाव र छुवाछुत कायमै रहेको छ।

नेपालले पनि जातीय लगायत हरेक प्रकारका भेदभाव न्यूनीकरण गर्ने प्रचार गरेन भने शक्ति केन्द्रहरुलाई अस्थिर नेपाल बनाई राख्न झन सजिलो हुनेछ। तसर्थ अब संविधानमा लेखेर मात्रै नभई त्यसका लागि कडा कानून बनाएर कार्यान्वयन पक्षलाई चुस्तदुरुस्त बनाउनुको विकल्प छैन।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# हाम्रो देशमा पनि धार्मिक शिक्षाको प्रतियोगिता होस्



मौसमी कुमारी कुशवाहा

म हिन्दु हुँ ! म मुस्लिम हुँ ! म बौद्धमार्गी हुँ ! म इसाइ हुँ ! म सिख हुँ ! यस्तै-यस्तै धर्मका सीमित नामाङ्कित परिभाषा मानिसहरुले गरिरहेको म सुन्छु। जब सीमित मानसिक सोच भएको मानिसहरुको कुरा गरेको सुन्छु अनि उनीहरुलाई म खुब नियाल्छु। एकछिन त म आफ्नो मस्तिष्कलाई भ्याए जति दबाब दिन्छु र सोच्दछु के फरक छ यो धर्मझन्डुवाहरुमा ! सब काट्ने, ढाँट्ने र बाँड्ने कुरा मात्र गर्छन्। एक धर्मले अर्को धर्मको कुरा काट्छन् वा बाँड्ने नै कुरा गरेको हुन्छ। हामी यस्तो छौं, हाम्रोमा उस्तो हुन्छ। जस्ता विभिन्न नीति नियम र संस्कारका नाममा बटवारा गराइरहेको हुन्छ। म त यो भन्छु-यो जति संसारमा धर्मझण्डुवाहरु छन्, सब मात्र ढाँट्ने, काट्ने कुरा मात्र गर्छन्। जो यस्तो काट्ने, ढाँट्ने र बाँट्ने कुरा गर्दैछन् भने त्यो धर्म धर्म होइन। धर्मको नाममा आडम्बर मात्र हो।

धर्म भनेको धारण गर्नु हो। स्वतन्त्र रुपले जो कहिल्यै बदलिदैन। जुन प्राकृतिक रुपले जन्मदेखि हामी लिएर आएको छौं असलमा त्यही धर्म हो। जस्तै यो स्वास, यो हावा, यो सूर्य जे भए पनि आफ्नो नित्य दिनको कर्म आफ्नो छोड्दैनौ त्यही धर्म हो। यो समाजको हिन्दु, मुस्लिम, बौद्ध जातिलाई हामी धर्म भन्छौं, साँच्चिकै भन्ने हो भने त्यो धर्म होइन। त्यो सब समाजको रुढिवादी र हिंसाको मूल जरो हो। त्यहीबाट सुरु हुन्छ अनेकौं दंगा, हत्या, हिंसा ! यी माथिका सम्पूर्ण धर्म समाजको रुढिवादी र हिंसाको बिउ हो। जुन बिउ मानवको कोमल निर्दोष हृदय माटामा परेर दिन प्रतिदिन बिरुवाको आकारमा वृद्धि विकाससँगै समाजमा मूल जरो बनाएर बसेको छ। जसको दुष्परिणाम आजको हाम्रो समाज राष्ट्र लगायत सम्पूर्ण संसारमा त्राहीमाम भएको छ। दिनहुँ धर्मको नाममा मारामार, काटाकाट भइरहेको छ।

यो जीवन एउटा गाडी हो। जुन नानाकथित अघि बढिरहेको छ। ९९.९ प्रतिशत मानिसहरुको मात्र गाँस, बाँस, कपास नै जीवनको उद्देश्य रहेको हुन्छ। मात्र १ प्रतिशत हुन्छ, जुन जीवनको गाँस, बाँस, कपास बाहेक अरु पनि उद्देश्य राखेका हुन्छन्। हाम्रो यो नाशवान मानव शरीर संस्कारमाथि आश्रित हो र संस्कार मनमाथि आधारित हुन्छ। अर्थात हाम्रो शरीर एउटा दशढोका र दुई पंग्रे लोभलाग्दो गाडी चालक, त्यो चालकको आत्मालाई चलाउने वा डोऱ्याउने संस्कार हुन्छ। संस्कार कै आधिपत्य जहिले रहेको हुन्छ। त्यहि भएर हाम्रो समाजमा अनेकौं पाप, रुढीवादी, हत्या, द्वन्द्व, हिंसा, भेदभाव व्याप्त छ। किनकी आफ्नो मनको आधारमा, इच्छाअनुसार अनेकौं संस्कारको नाममा कुसंस्कार र विकृति भित्रियाइन्छ। हामी वा हाम्रो पुर्वज, अग्रजहरु आफ्नो सुविधा र सुखअनुसार संस्कार र नियमहरु बनाएको छ। युगैयुगदेखी जसको बोलबाला रह्यो उसको समाजमा अधिकार रह्यो। अशिक्षित गरिबलाई परजीवि किरा जस्तै रगत चुसिरह्यो। यो घटनालाई हेर्ने हो भने ब्राहम्णहरु अग्रपंक्तिमा रहेको छ। समाजमा जति नीति नियम र संस्कार बनेको छ सब ब्राहम्णहरुको आफ्नो सुख भोगमा आधारित रहेको छ।

वर्तमान समयमा धर्म संस्कृति र संस्कार भन्ने तीन शब्दको प्रभाव वा उदाहरणको आधारमा हेर्ने हो भने अग्रपंक्तिमा भारत र दोस्रोमा नेपाल आउँछ। अब हामी आँखा उठाएर हेरौं- कति हिंसा र विभेद छ यी दुबै देशमा जहाँ जहाँ धर्मको बोलबाला हुन्छ, त्यहाँ-त्यहाँ अशिक्षा र रुढिवादी हुन्छ। म त भन्छु यो धर्म र संस्कार सबभन्दा ठूलो शत्रु हुन्छ शिक्षाको। हरेक कोणबाट शिक्षालाई रोक्ने प्रयास गरेको हुन्छ। सबभन्दा ठूलो मर्कामा महिला जाति परेको छ। सृष्टिको सुरुवातदेखि महिलालाई हरेक धर्म र संस्कारको नाममा किल्चिएको छ। धर्मको आडमा शिक्षा ब्राम्हणसम्म मात्र सिमित रह्यो। इतिहास हेर्दा स्त्री जाति र शुद्र जातिबाट मीलौं टाढा राखिएको छ। शिक्षालाई शुद्र जाति महिला जातिलाई अपवित्र र मानिन्थ्यो जस्को परिणाम पितृसत्ताको बोलबाला र महिलाहरुलाई आजसम्म विभेद र हिंसाको भूमरीमा जीवन भौतारिएको छ।

आज भन्दा करिब तीन वर्ष पहिलाको कुरा हो। भारतको मुम्बई सहरमा एउटा "श्रीमत भागवत गीता च्याम्पियन लिग" भन्ने प्रतियोगिता भएको थियो। त्यो प्रतियोगितामा करिब ५००० छात्रछात्रा प्रतियोगी थिए। १०० पूर्णाङ्कमा परीक्षामा विषयगत र वस्तुगत प्रश्न समावेश गरिएको थियो। जुन प्रतियोगितालाई मुम्बईको मात्र १२ सालकी फुच्चीले जितिन्। अचम्मको कुरा यो छ कि उनी एक मुस्लिम धर्मबाट थिइन्। त्यो विलक्षण भएकी फुच्चीको नाम मरियम आसिब सिद्दिकी थियो। एउटा मुस्लिम परिवारमा जन्मेकी नानी हिन्दु धर्मको महान धर्मग्रन्थ गीतामा कति आकर्षण, कति गहन अध्ययन गरिन् र प्रतियोगिता जितिन्। यस उदाहरणलाई हेर्दा यो त प्रष्ट भयो कि कुनै पनि धर्मले भेद गर्दैन। भेद त यो धर्मझण्डुवाहरुले गर्दछन्। यस घटनालाई हेर्दा त यो एउटा चम्तकार नै हो। जनमानसमा एउटा सन्देश हो कुनै भगवान वा धर्ममा भेद छैन। संसारको हरेक धर्म समान छ। हरेक धर्मको सन्देश एउटै छ। भगवान कुनै पनि धर्मको भक्तमा तेरो-मेरो गर्नु हुन्न। यदि त्यस्तो हुने भएको भए "श्रीमत भागवत गीता च्याम्पियन लिग" को खिताब मुस्लिम केटी मरियमले जित्ने थिइनन्। मरियम गीता लगायत कुरान, बाइबल लगायत अनेकौं

*बाँकी चार पृष्ठमा*


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।



गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# महिलाहरु आयश्रोतको लागि तरकारी खेतीमा रमाउँदै



**अरुणकुमार यादव**

**राजविराज**/दैनिक आयआर्जनका लागि सप्तरीको दक्षिणी भेगका महिलाहरु पुरुषहरु जस्तै तरकारी खेतिप्रति सक्रिय भएका छन ।

तरकारी खेतीले राम्रो आम्दानी र लोकप्रिय हुने भएकाले उत्पादित हरियो साग, सब्जी आपूर्ति व्यवस्थालाई सहज बनाउन उनीहरु तरकारी खेती तर्फ आकर्षित भएका हुन ।

सप्तरीको दक्षिण भेगका छिन्नमस्ता गाउँपालिका वडा नं. ७ का स्थानिय दलित महिलाहरुले सामुहिक तरकारी खेती गर्नमा सक्रियता अपनाउदै आयआर्जनको लागि दिनरात मेहनत गर्दै आएका छन ।

करिब २० जना कृषक र महिला कृषकहरुले सहजताका लागि स्थानियस्तरमा उत्पादन गरेको तरकारीहरु गाउँ/गाउँ तथा शहरबजारसम्म बिक्रि बितरण गर्ने लक्षयका साथ अहिले उनीहरु उत्साहित भएर तरकारी खेतिमा लागि परेको कृषकहरुको भनाई छ ।

सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको साँझेदारीमा सञ्चालित समुन्ती कार्यक्रम अर्न्तगतको जिविकोपार्जन कार्यक्रमलाई लक्षित गरि जिल्लाको दक्षिणी भेगको छिन्नमस्ता गाउँपालिका अतिविपन्न दलित परिवारका महिला सदस्यहरुले कृषक समूहमार्फत तरकारी खेति गर्दै आएको सेभ द सप्तरीका कृषि प्राविधिक रामकुमार साहले बताए । माँ लक्षमी कृषक समहुका अध्यक्ष सीतादेवी सदासहितका २० जना महिला सदस्यहरु मिलेर स्थानीय स्तरमा हरियो साग, सब्जी आपूर्ति व्यवस्थालाई सहज बनाउन यहाँ करिब ३ बिघा जग्गा लिजमा लिएर तरकारी खेति गरिरहेको कृषि प्राबिधिक साहको भनाई छ ।

उनीहरुलाई बिउ, बिजन, मल खाघ, किटनाशक औषधी लगायतका आवश्यक कृषि औजार तथा सिंचाईका लागि पम्प सेट, बोरिंग पनि सेभ द सप्तरीले यस परियोजनाका लागि सहयोग गर्दै आएको उनले बताए ।

उनका अनुसार स्थानिय स्तरमा तरकारी अभाव हुन नदिन र लामो समयदेखि कोभिड १९ का कारण प्रभावित रहेको मध्यनजर गरि उनीहरु तरकारी उत्पादनमा जोड दिएका छन ।

अहिले उनीहरुले बिभिन्न प्रकारका साग, सब्जी, काउली, फर्सी, गोलभेडा, मुला, मिचाई लगायत बिभिन्न प्रकारका हरियो तरकारीहरु उत्पादन गरि ग्रामीन भेग तथा शहरहरुमा समेत सहजताका तरकारी खेतिमा लागेको छ ।

सेभ द सप्तरीले खास गरि दलित वर्गका परिवारको जिविकोपार्जनका लागि जिल्लाको दक्षिणी भेगको बिष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिका तथा तिलाठी कोइलाडी गाउँपालिकाको बिभिन्न वडाहरुमा कृषक समूह बनाएर स्थानिय स्तरमा तरकारी उत्पादन गर्न जग्गा भडामा लिई कृषकहरुलाई निःशुल्क बिउँबिजन, मलखाद्य लगायतका सामग्रीहरु सहयोग गर्दै आएको कृषि प्राबिधिक साहले जानकारी दिए ।

आफ्नो जग्गा नभएपनि उनी समूहगत रुपमा स्थानीय जग्गा धनीहरुसँग सहकार्य गरी जग्गा भाडामा लिएर व्यवसायिक तरकारी खेती गर्दै आएका छन । कतिपयले यसै खेतिबाट आ–आफ्नो छोरा छोरीलाई उच्च शिक्षा समेत पढाईएको सेभ द सप्तरीले जनाएको छ ।

माँ लक्षमी कृषक समूहकी सदस्य मिनादेवी सदा भन्छिन- "मैले तरकारी खेतिबाट आफ्नो परिवार चलाउनुका साथै दुई/दुई छोरा/छोरीलाई सप्तरीको बिष्णुपुरमा रहेको जनतामाविमा कक्षा ३, ६ र ९ सम्म पढाउने सकिएको छु ।"

त्यस्तै अर्की सदस्य ममता देवी सदाले पनि यस तरकारी खेति गरेर ६ जना परिवार चलाउनुको साथै केही पैसा बचत समेत गर्ने गरेको बताइन् । शिक्षा, दिक्षा र गास बास, कपासको राम्रो माध्यम नै तरकारी खेति बनेको उनीहरुको भनाई छ ।

सेभ द सप्तरीका अनुसार समुन्ती कार्यक्रम अन्तरर्गतको जिविकोपार्जन कार्यक्रमम सप्तरीको तिलाठी कोईलाडी, छिन्नमस्ता, विष्णुपुर गाउँपालिका र राजविराज नगरपालिकाका केही वडाका अति विपन्न परिवारका सदस्यहरु यस परियोजनाबाट लाभाम्बित हुने गरेको जनाइएको छ ।

उक्त क्षेत्रका महिलाहरु विगत ३ वर्ष देखी तरकारी खेती गरी मग्नीय आम्दनी समेत गर्दै आएका छन । उक्त आम्दानीबाट आफनो घर खर्च र जिविकोपार्जन गर्न पाउदा जिवनको साहारा बनेपछि उनीहरु खुशी देखिएको छ ।

सोही अनुसार छिन्नमस्ता गाउँपालिका वडा नं. ७ स्थित जग्गामा माँ लक्षमी कृषक समुहको २० जना महिला सदस्यहरु मिलेर अहिले बिभिन्न प्रकारको तरकारी उत्पादनका लागि खेति गरेको कृषि ज्ञान केन्द्रबाट त्यहाँ अनुगमन एवम निरिक्षणका क्रममा जानुभएको कार्यालय प्रमुख राजेन्द्र प्रसाद यादवले बताए ।

छिन्नमस्ता गाउँपालिका वडा नं. ७ का स्थानिय दलित वर्गका महिलाहरु तरकारी खेतिमा लागेको देख्न पाइएको छ र उनीहरु आफ्ना परिवारको आयआर्जन उकासनका लागि सक्रियता देखिएकोले म एक दमै खुशी भएका छौ कृषि ज्ञान केन्द्रका प्रमुख यादवले भने ।

अहिले ग्रामिन भेगका महिलाहरु यसरी तरकारी खेतिमा लागेमा परिवार चलाउन पनि सहज हुने बताउदै यसका लागि कृषि ज्ञान केन्द्रबाट पाउने सहयोग समेत गर्ने उहाँले प्रतिवद्धता समेत जनाए । साथै उनले कुनै प्रकारको मल नदिइ आग्रनिक आफनै घराइसी मलबाट तरकारी खेति गर्न कृषकहरुलाई सल्लाह समेत दिऐ ।



उनले स्वास्थ्यको फाईदाका लागि भएपनि गाई, भैसीको गौबरबाट बनेको मल प्रयोग गरेमा खेतको उर्वरा शक्ति समेत बढाउने भएकाले यही मल प्रयोग गर्दा राम्रो हुने पनि बताए । महिलाहरुले

*बाँकी पाँच पृष्ठमा*


## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर ११११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# कोरोनाबाट जोगिन स्वास्थ्य सामग्री सहयोग



**राजविराज** / कोरोना भाइरस महामारीलाई मध्य नजर गरि सप्तरीका राजविराज नगरपालिका भित्र रहेको बिद्यालायलाई स्वास्थ्य सम्बन्धि सामग्री बितरण गरिएको छ ।

सेभ द चिल्ड्रेनको सहयोग तथा सेभ द सप्तरीले राजविराजमा आयोजना गरेको सामग्री बितरण कार्यक्रममा राजविराज नगरपालिका अर्न्तगतका वडा नं. १, ५, १३, १४ र १६ का १० वटा समुदायिक बिद्यालयका लागि कोभिड १९ वटा जोगिन स्वास्थ्य सामग्री बितरण गरिएको सेभ द सप्तरीका सुपरभाइजर दुर्गानन्द शर्माले जानकारी दिएका छन् ।

सेभ द सप्तरीका अध्यक्ष धुव्र प्रसाद देवको अध्यक्षतामा सम्पन्न भएको बितरण समाहारोमा प्रत्येक बिद्यालयलाई परमोगन १ थान, स्प्रेय पम्प एकथान, सेनिटाइजर, कोभिड १९ को चेतनामुलक पोष्टर, किटाणु मार्ने औसधि लगायतका स्वास्थ्य सामग्री बितरण गरिएको हो ।

सो साहारोमा सेभ द सप्तरीका अध्यक्ष धुव्र प्रसाद देव र कार्याक्रम संयोजनक गोपाल प्रसाद चौधरीले संयुक्तरुपमा बिभिन्न बिद्यालयका प्रअ तथा शिक्षकहरुलाई उक्त स्वास्थ्य सामग्रीहरु बितरण गरिएको सेभ द सप्तरीले जनाएको छ ।

कार्यक्रममा राजविराज नगरपालिकाका शिक्षा संयोजक भोगेन्द्र प्रसाद यादव, सेभ द सप्तरीका पियकी देव, सुपरभाइजर दुर्गनन्द शर्मा, अधिकृत मुकेश कुमार मण्डल, समुदायिक परिचालक रामकुमार राम र रामचन्द्र यादवसहितका तथा बिभिन्न बिद्यालयका शिक्षकहरुको समेत उपस्थित रहेको जनाइएको छ ।

यस्तै जिल्लाको तिलाठी कोइलाडी र छिन्नमस्ता तथा बिष्णुपुर गाउँपालिकाकासहित ६४ वटा बिद्यालयमा समेत कोभिड १९ को संक्रमणबाट बच्नको लागि अपनाउने स्वास्थ्य सामग्रीहरु बितरण गर्ने कार्यक्रम रहेको सुपरभाइजर शर्माले जानकारी दिए ।

## हाम्रो देशमा...

धर्म ग्रन्थहरु पढेकी छिन् तर कुनै पनि धर्म ग्रन्थले भेद सिकाउँदैन । अचम्मको कुरा किताबसम्म हरेक ग्रन्थको आशय वा मूल सन्देश समान नै हुन्छ । जब त्यो पवित्र ग्रन्थ धर्मको रखवालाहरुको बीच आउँछ अनि ठिक उल्टो प्रतिक्रिया दिइहाल्छ । विभेद उत्पन्न भइहाल्छ । ती ग्रन्थहरुले जोडने कुरा गरे पनि त्यो ग्रन्थका ज्ञाताहरु कसरी बाँटने बुझ्न थाल्छन् । नकारात्मक अर्थ प्रसारित कसरी हुन थाल्छन् । धर्म के हो ? अनि सबभन्दा ठूलो धर्म के हो ? धर्म भनेको धारण गर्नु हो । यो पंगु समाजको रीत वा विपरित जुन हाम्रो इच्छाहरु छ त्यो सम्पूर्ण इच्छाहरुलाई स्वतन्त्र भावले धारणा गर्नु नै हाम्रो सबभन्दा पहिला र ठूलो धर्म हो ।

शिक्षा भनेको अन्तर्निहित रहेको प्रतिभालाई प्रस्फुटन गर्नु हो । चौतर्फी विकास गर्नु हाम्रो भित्रको अँध्यारोलाई मिटाई उज्यालो छर्नु हो । सहि गलतको फरक छुट्याउन सक्ने बनाउने, सत्मार्गमा हिंडाउने, जीवनलाई सार्थक बनाउने । हामी तल्लो कक्षादेखि यस्तै-यस्तै परिभाषा पढ्दै अएको छौँ । तर अब यहाँ प्रश्न उठ्छ कि जुन शिक्षा हामी प्राप्त गर्‍यौं वा गर्दै आइरहेका छौँ, के त्यो शिक्षाले हाम्रो चौतर्फी विकास गरायो त ? हाम्रो भित्रको अँध्यारो मेट्यो त ? होइन, भएन वा भयो भने के परिर्वतन भयो हाम्रो जीवनमा ? हामीले पाएको शिक्षाले समाजको समस्या निवारण भयो त ? यदि हाम्रो शिक्षा प्रभावकारी छ भने किन देशमा दिनहुँ हत्या हिंसा, दंगा अन्याय भइरहेको छ । लाखौं युवा बेरोजगार छ । सालै पिच्छे शिक्षा नीति नियम, पाठ्यक्रम परिवर्तन हुन्छ । जसमा करोडौं बजेट खर्च भइरहेको हुन्छ तर उपल्बधी भने शून्य छ । के हाम्रो भित्र मात्र अन्न खाने, मीठो पकवान पिउने अमृत र निकालने विष मात्र हो ? खाली बच्चा जन्माउने, समाजमा रुढी फैलाउँने, हिंसा गर्ने अरुको छोरी बहिनीलाई बलात्कार जस्तो अक्षम्य गल्ती गर्ने, राजनीतिको आड लिएर निर्दोष जनतालाई काट्ने, बाँट्ने र ढाँट्ने गुण छ ? यदि हाम्रो पाठ्यक्रमले यति मात्र हाम्रो भित्रको गुण प्रष्फुटन गर्छ भने, हाम्रो शिक्षा नीति र पाठ्यक्रमको कुनै औचित्य रहेन । शिक्षाको नाममा भएको करोडौंको बजेट सब निरर्थक हो । तसर्थ हालको शिक्षाको नीति नियममा परिवर्तन होस्, समयको माग अनुसार शिक्षाको धार बदलियोस् । नैतिक शिक्षा पनि समावेश होस् । हाम्रो देशमा पनि यस्ता धार्मिक शिक्षाको प्रतियोगिता होस् । जुन अति आवश्यक रहेको देखिन्छ ।

विश्वमाझ चिनिने नेपाल हिन्दु राष्ट्र भएर पनि हामी हिन्दु भक्तहरु आफ्ना पवित्र ग्रन्थ पढ्दैनौं । कति त यस्ता पनि छन् जो गीता भन्ने नामको बारेमा पनि जान्दैन । मलाई यहाँसम्म लाग्छ कति मानिसहरु जीवन रहँदासम्म गीता हेर्न पनि भ्याउँदिन अनि मृत्युवरण हुन पुग्छ । दुःखको कुरा पूरै जीवन हिन्दू-हिन्दू कराउँछ, धर्मको आडमा कति निर्दोष आत्मालाई रुवाउँछ, आहत बनाउँछ तर असल जीवनमा टाढा टाढासम्म हिन्दू धर्मसँग कुनै सरोकार रहेको हुँदैन । त्यसकारण हाम्रो राष्ट्रमा पनि भारत जस्तै पाठ्यक्रम लागायत पाठ्यक्रम बाहिर, सरकारी तथा गैरसरकारी संस्थाहरुबाट पनि धार्मिक शिक्षाको प्रतियोगिता वा ज्ञान निखार्ने कार्यक्रम समय-समयमा गराउनु अत्यन्त आवश्यक पाटो देखिन्छ । किनकी वर्तमान समय यति व्यस्त भइसकेको छ कि कुनै मानिसलाई फुर्सत छैन, गीता पुरान जस्ता किताब पढोस् । धार्मिक ग्रन्थप्रति कति नास्तिक र निरसताको भावना आइसकेको छ । यसरी धर्मसँग सम्बन्धित प्रतियोगिता र कार्यक्रम भयो भने जित्ने बहानामा पनि कमसेकम आफ्नो जीवनमा एक पटक विद्यार्थीहरु पवित्र ग्रन्थको पाठ त गर्न सक्छ । के कस्तो छ एक चोटि हेर्ने मौका त पाउँछ । हामी भन्दा त लाखौं गुणा राम्रो मुस्लिम र क्रिश्चन धर्मावलम्बीहरु, उनीहरुको हरेकको घरमा कुरान र बाइबल हुन्छ र नित्य दिन पाठ गरेको हुन्छ । धर्मको बारेमा अनेकौं पोथी मानिसहरुले लेखेको छ, लेख्दैछ । तर पनि धर्मलाई दिएर दिनहुँ लड्दै छ । धर्मलाई लिएर कतै म छोटो र मीठो दुई शेर पढेको थिए :

ऐ पेड, ऐ शाखे, ऐ पत्ते, भी
परेशान हो जाएं ।
अगर परिंदे भी हिन्दू और
मुसलमान हो जाएं ॥

कति ठूलो सन्देश बोकेको छ यो माथिको दुई शेर । रुख, हाँगा, पात पनि हैरान भइहाल्छ यदि पंक्षीहरु पनि हिन्दु र मुस्लमान भयो भने । यो निमुखा रुखहरु कसरी न्याय गर्ने होला को-कसलाई आफ्नो हाँगामाथि बस्न दिन्छ ।

ना मस्जिदको जानते हैं, ना
शिवालों को जानते हैं ।
जो भूखे पेट हैं, वो सिर्फ दो
निवालों को जानते हैं ॥

हाम्रो समाजको बुद्धिजीवी, सम्पन्नहरुदेखि सडकको पेटीमा जीवन बिताइरहेका मानिसहरुलाई नियाल्नु कति सटिक उदाहरण हो । जो गरिब र भोको पेट छ उनीहरुलाई त्यो मस्जिद र शिवालय जानेर के अर्थ ? उनीहरुलाई त मात्र आफ्नो भुख र पेटको लागि मात्र दुई गाँसको मतलब हुन्छ । गरिब भोको पेट जान्दैन यो हिन्दुको पनि हो कि मुस्लिमको । तिनीहरुलाई धर्मको छुतभन्दा आफ्नो पेटको भोक ठूलो हुन्छ । यो मस्जिद र शिवालयलाई जान्ने बुझ्नेबाला हाम्रो समाजको जो सम्भ्रान्त र बुद्धिजीवीको काम हो । जसको पेट भरेको हुन्छ तिनीहरुलाई नै हो यो अनावश्यक जाति धर्मको कुरा याद आउने । धेरै बुद्धि भएको मानिसहरुले हो हाम्रो समाजमा अनेक रुढिवादीहरुको जडो जन्माउने । कस्तो अचम्मको कुरा सृष्टिको सर्वश्रेष्ठ चेतनशील प्राणी मान्छेलाई भनिन्छ तर मानिसकै व्यवहार निच हुन्छ । जति कुकर्म गर्ने हो त्यो मानव जाति नै हो ।

*(मधेश दर्पण फिचर सेवा)*




# मुसहरनियामा पहिलो पटक किशोरीहरूबीच ब्याडमिन्टन प्रतियोगिता



**राजबिराज**/राजबिराज नगरपालिकाको मुसहरियामा पहिलो पटक किशोरीहरूको क्षमता अभिबृद्धिका लागि अन्तर वडास्तरिय ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरिएको छ ।

शनिवार राजबिराज वडा १५ स्थित जनता आधारभुत बिद्यालय मुसहरनियामा वडा बाल संरक्षण समितिको आयोजनामा सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेनको सहयोगमा किशोरकिशोरी कार्यक्रम अन्तर्गत ब्याटमिन्टन खेलको आयोजना गरिएको हो ।

अतिरिक्त क्रियाकलाप अन्तर्गत वडास्तरिय किशोरीहरू बिच आयोजित अन्तर बिद्यालय ब्याटमिन्टन खेलमा रंजन कुमारी यादब प्रथम, किरण राम दोस्रो तथा रेणु कुमारी यादब तेस्रो तथा सान्त्वना स्थान रंजन कुमारी मण्डलले प्राप्त गरिन् ।

सो अवसरमा राजबिराज नगरपालिका वडा १५ का अध्यक्ष रामप्रसाद यादब, वडा सदस्य दलुराम, बिद्यालय ब्यवस्थापन समिति अध्यक्ष मिश्रीलाल यादब, नेपाल पत्रकार महासंघ सप्तरीका सहसचिव चन्दनकुमार यादब, सेभ द सप्तरीका सुपरभाईजर राजिव चौधरी लगायतले प्रथम, द्वितिय र तृतिया स्थान प्राप्त गरेकालाई कप प्रदान गरे ।

यता शुक्रवार वडा बाल संरक्षण समिति मुसहरनियाँको आयोजनामा बालवालिका बिच बकतित्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।

सो अन्तर्गत चित्र कला प्रतियोगितामा रसिदा खातुन प्रथम, सोनी कुमारी मण्डल दोस्रो, आयुष कुमार शर्मा तृतिय भएका छन भने महेश कुमार शर्मा सान्तवना पुरस्कार प्राप्त गरे ।

यसैगरी शब्द लेखन प्रतियोगितामा चाँदनी कुमारी शर्मा प्रथम, मो. अब्दुल दोस्रो, अरबिन्द यादब तृतिय स्थान हासिल गरेका छन भने नितु कुमारी मण्डलले सान्त्वना स्थान प्राप्त गरेका छन ।

त्यसैगरी बक्तित्व कला प्रतियोगितामा रेणु कुमारी यादब प्रथम, ज्योती कुमारी मण्डल दोस्रो, सुजित कुमार मण्डल तृतिय घोषित भएका छन भने निराजन कुमार साहले सान्त्वना पुरस्कार प्राप्त गरेको सेभ द सप्तरीका सुपरभाईजर राजिव चौधरीले जानकारी दिए ।

## *संघीय सरकारद्वारा ...*

सहजताकालागि राजविराजमा सम्पर्क कार्यालय स्थापना गरेको उनको भनाई थियो ।

कार्यालयमा कर्मचारीलाई अत्याधुनिक सञ्चार सुविधा समेत उपलब्ध गराई जनताका गुनासालाई आफुले तुरुन्त थाहा पाउन तथा अन्य समस्या एवम् गुनासाहरुमाथि सुनुवाई गर्न सम्पर्क कार्यालयले प्रभावकारी भूमिका खेल्ने मन्त्री साहले प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रममा प्रदेश सभा सदस्य नेत्रविक्रम साह, जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, पार्टीका केन्द्रीय सदस्यहरु अशोक कुमार यादव, भीमराज यादव, सत्यनारायण यादव, भीम तामाङ्ग, अमृत साफी, पार्टीका प्रदेश २ का मुख्य सचिव शम्भु झा, प्रेस नेपाल प्रदेश २ का अध्यक्ष श्यामसुन्दर यादव, राजविराज नगरपालिकाका मेयर शम्भु प्रसाद यादव, महदेवा गाउँपालिकाका अध्यक्ष दिपक कुमार यादव, तिलाठी कोइलाडी गाउँपालिकाकी उपाध्यक्ष सुचिता कुमारी यादव, छिन्नमस्ता गाउँपालिकाकी उपाध्यक्ष उषा कुमारी मण्डल, पार्टीका जिल्ला अध्यक्ष केदार यादव, यूवा नेता किशोर कुमार यादव केसी, महिला नेता मीरा यादव लगायतले शुभकामना मन्तव्य व्यक्त गरे ।

## *महिलाहरु आयश्रोतको ...*

आफैले लगाएको तरकारीबारीबाट राम्रो आम्दानी हुन थालेपछि उनीहरु हर्सित समेत भएका छन ।

छिन्नमस्ता गाउँपालिका वडा नं. ७ मा रहेको तरकारी खेतिको कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादव, सेभ द सप्तरीका कृषि प्राबिधिक रामकुमार साह, अधिकृत बिष्णुकान्त देव, फिल्ड अधिकृत सत्यनारायण थारु र समुदायिक परिचाक चम्पा शर्मा लगायतकाले अनुगमन गरेका थिए ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# अन्तर्राष्ट्रिय समाचार

## लाहोरको प्रदर्शनले सरकारलाई अप्ठेरो पर्ने पाकिस्तानका विपक्षी दलको दाबी

**इस्लामावाद**/पाकिस्तानका प्रधानमन्त्री इमरान खानका विरुद्धमा यहाँका विपक्षीले लाहोरमा गर्न लागेको विरोध प्रदर्शनले सरकारलाई अप्ठेरो पार्ने बताएका छन् । उनीहरुले प्रधानमन्त्री इमरान खानले अनुरोध गरेबमोजिम सो जुलुश नरोक्ने पनि बताएका छन् । प्रधानमन्त्री खानले शुक्रबारमात्र यहाँका विपक्षी दललाई सो आग्रह गर्नुभएको थियो ।

पाकिस्तानका प्रमुख विपक्षी दल पिपिपिका अध्यक्ष विलावल भुट्टोले यो विरोध प्रदर्शनले सरकारलाई आफू कमजोर भएको सन्देश दिने बताउनुभएको हो । उहाँले शुक्रबार साँझ आयोजीत पत्रकार सम्मेलनमा सो कुरा बताउनुभएको हो । उहाँले भन्नुभएको थियो, यो सरकारका विरुद्धमा कराँची, पेशावर र गुजरनवालामा जस्तै लाहोरमा हुन लागेको यो प्रदर्शनबाट पनि सरकारलाई धक्का मिल्ने छ ।

पछिल्लो समयमा पाकिस्तानमा कोभीड-१९ को असर निकै बढ्दै गएको छ । त्यसैले देशमा ठूलो संख्यामा जुलुश निकाल्दा यसबाट कोभीडको सङ्क्रममण बढ्ने भन्दै सो जुलुश ननिकाल्न प्रधानमन्त्री खानले भन्नुभएको थियो । पाकिस्तानमा वर्तमान सरकारका विरुद्धमा विभिन्न ११ वटा विपक्षी दलले आन्दोलनलाई जारी राखेका छन् । ती विपभक्षी दलले भोलि आइतबार पाकिस्तानको लाहोरमा विशाल जुलुश निकाल्ने तयारी गरेका छन् ।

यसअघिदेखि नै सरकारले सो नारा जुलुश र सरकारका विरुद्धमा हुने भनिएको विरोध प्रदर्शन रोक्नका लागि पटक पटक आग्रह गर्दै आएको थियो । तर विपक्षी दलले भने कराँची, पेशावरलगायतका विभिन्न स्थानमा विशालरुपमा विरोधका कार्यक्रम गरेका छन् । एकातिर देशमा कोभीडको समस्या रहेको छ भने अर्कातर्फ विपक्षी दलले भने आन्दोलन जारी राखेका छन् । पाकिस्तानका अधिकारीले यहाँको सरकारले हाल कोरोना भाइरसको दोस्रो वेभको कडा मात्रामा सामना गर्नु परिरहेको बताएका छन् ।

पाकिस्तानका प्रधानमन्त्री खानले नै हालैमात्र सरकारले यहाँका अस्पतालका कम्तीमा पनि ६४ प्रतिशत अस्पतालका शय्या कोरोना भाइरसका विरामीलाई भनेर छुट्याइएकोमा अहिले ती सबै भरिएका र कोरोना भाइरसको दोस्रो वेभका कारण यहाँ निकै समस्या परेको बताउनुभएको छ ।

यो महामारीका बीचमा पनि विपक्षी राजनीतिक दलले भने गएका केही महिनादेखि नै सरकारका विरुद्धमा आन्दोलनलाई जारी राखेका छन् । आन्दोलनका कारण विभिन्न स्थानमा झडप पनि भएका छन् । यसैले यहाँको सरकारले हालैका दिनमा एकातर्फ कोरोनाको महामारी र अर्कातर्फ विपक्षी दलका विरोध प्रदर्शन गरी दोहोरो समस्याको सामना गर्नु परेको अधिकारीले जानकारी गराएका छन् । एजेन्सी

## बाइडेनको जीत अस्विकार गर्ने मुद्दा सर्वोच्चद्वारा खारेज

**वासिङ्टन**/अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपतिय निर्वाचनको मत परिणामलाई अस्विकार गर्दै दायर गरेको मुद्दा खारेज भएको छ । अमेरिकाको सर्वोच्च अदालतले मुद्दामा पर्याप्त प्रमाण र आधार नभएको भन्दै शुक्रबार ती मुद्दा खारेज गरिदिएको हो ।

प्रमुख चार प्रतिस्पर्धात्मक राज्यको चुनावी नतिजा खारेज गर्न उहाँले गरेको मागलाई अदालतले अस्विकार गरिदिएको छ । टेक्सास, जर्जिया, मिशिगन, पेन्सिल्भानिया र विस्कन्सिन राज्यको नतिजालाई अमान्य घोषणा गर्न यसै साता मुद्दा दायर गरिएको थियो ।

अदालतको यो आदेशले राष्ट्रपति ट्रम्पलाई फेरी अर्को धक्का दिएको छ । उहाँले गत नोभेम्बर ३ तारिखका दिन भएको निर्वाचनमा धाँधली भएको दाबी गर्दै आउनु भएको छ । त्यसप्रति असन्तुष्टि जनाउदै उहाँले विभिन्न राज्यका अदालतमा मुद्दा दायर गर्नुभएको थियो । ती अदालतले पनि ट्रम्पको मागलाई अस्विकार गर्दै आएकोमा सर्वोच्च अदालतले पनि त्यसैसँग मिल्ने निर्णय गरेको हो ।

ेबस प्रतिश्पर्धी जो बाइडेनले निर्वाचनमा जीत हासिल गर्ने संकेत देखिए लगत्तै उहाँले नतिजा अस्विकार गर्ने संकेत गर्नुभएको थियो । सबै अदालतले उहाँको मागलाई अस्विकार गरेपछि पद हस्तान्तरण गर्नुको विकल्प उहाँसँग छैन । उहाँले आगमी जनवरी २० तारिखका दिन राष्ट्रपतिमा नवनिर्वाचित वाइडेनलाई पद हस्तान्तरण गर्नु पर्नेछ । एजेन्सी

## दक्षिण कोरियामा एकैदिनमा अहिलेसम्मकै उच्च सङ्क्रमित भेटिए

**सोल**/दक्षिण कोरियामा कोरोनाभाइरसबाट एकैदिनमा सङ्क्रमित भएकाको सङ्ख्या शनिबार सबैभन्दा धेरै पुगेको छ । सरकारी अधिकारीले दिएको जानकारीअनुसार दक्षिण कोरियामा कोरोना सङ्क्रमण चिन्ताजनक तरिकाले फैलिँदै गएको छ । उनीहरुका अनुसार शनिबार नयाँ ९५० जनामा कोरोनाभाइरसको सङ्क्रमण देखिएको छ । यसअघि धेरै दिन दैनिक पाँच सयदेखि छ सयसम्म नयाँ सङ्क्रमित थपिने गरेका थिए ।

कोरिया रोक नियन्त्रण तथा निवारण कार्यालयले महामारी थप फैलिँदै गएकाले थप उच्च सतर्कता अत्यावश्यक भएकोमा जोड दिएको छ । विभिन्न देशमा कोरोनाविरुद्धको खोप प्रयोगमा आइसकेको बेलामा आफ्नो देशमा भने महामारी थप फैलिँदै जानु अतिगम्भीर विषय भएको दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनले बताउनु भएको छ ।

महामारी नियन्त्रणका लागि सरकारले आफ्नो सबै शक्ति र संयन्त्र परिचालन गरिरहेको र अझ थप्दै जान लागेको उहाँले जानकारी दिनुभयो ।

रेल स्टेनशनसहित मानिसको अत्यधिक भीडभाड हुने थप १५० ठाउँमा कोरोनाभाइरसको सङ्क्रमण परीक्षण गर्ने केन्द्र स्थापना गरिएको उहाँको भनाइ छ । सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि सरकारले कतिपय व्यवस्थामा कडाई पनि गरेको छ । सामाजिक दुरी कायम गर्नु पर्ने, भीडभाड गर्न नहुने, मास्क लगाउनु पर्ने लगायतका नियमलाई सरकारले पालना गराउने सक्रियता बढाएको छ ।

रेष्टुरेन्टमा बस्न नपाईने, खाद्य पदार्थ किनबेच मात्रै गर्न पाइने, नौ बजे भित्रमा बन्द गरिसक्नु पर्ने नियम पनि लगाइएको छ । एजेन्सी

# प्रदेश स्तरीय क्रिकेटमा सप्तरीको बिजयी शुरुवात



**जनकपुर**/धनुषाको जनकपुरमा संचालित प्रदेश नं. २ स्तरीय पुरुष तर्फको क्रिकेट प्रतियोगिता अर्न्तगत सम्पन्न खेलमा सप्तरीले सिरहालाई ७ बिकेटले पराजित गरेको छ ।

बाह्रबिघा मैदानमा भएको खेलमा सप्तरीले टस जिती ब्याटिङका लागि सिरहालाई निम्तो दिए पछि ब्याटिङ गर्न ओर्लेको सिरहाले निर्धारित ५० ओभरको खेलमा ३५ ओभर ५ बलमा आफना सम्पुर्ण बिकेट गुमाई १ सय ७९ रन बनाउन सफल भएको थियो ।

सिरहाका लागि शुभमान गतराजले ६४ बलमा ८ चौक्काको मद्धतले ४९ रन, प्रदिप पासवानले ३७ तथा राकेश कामेत ३० र रुपेश सिंहले २० रनको योगदान दिएका थिए भने बलिङतर्फ सप्तरीका अजय यादवले ६ ओभरमा ३२ रन दिई ३ बिकेट तथा रोहित सिंह, महवुव आलम र अनुज यादवले सामान २ बिकेट तथा रोबिन सिंहले १ बिकेट लिएका थिए ।

एक सय ८० रनको बिजयी लक्ष्य लिई मैदानमा ओर्लेको सप्तरीले उक्त लक्ष्य २७ ओभरमा भेटाएको थियो । सप्तरीका लागि कप्तान महवुव आलमले नटआउट रहि ३४ बलमा ८ चौका र ३ छक्काको मद्दतले ५९ रन, आशिस झाले ५४ बलमा ८ चौक्का र २ छक्काको मद्धतले ५८ रन, रोहन बिकले ३३ तथा राहुल मण्डलले नटआउट रहि १५ रनको योगदान दिएका थिए । बलिंङतर्फ सिरहाका प्रदिप पासवानले २ तथा दिलिप यादवले १ बिकेट लिएका थिए ।

खेलको म्यान अफ द म्याच सप्तरीका कप्तान महवुव आलम भएका थिए । आईतवार सप्तरी र महोत्तरी बिच खेल हुने प्रदेश क्रिकेट संघका सचिव आयुश श्रेष्ठले जानकारी दिएका छन् ।

# बाल बजेट विश्लेषण तथा पैरवी सम्बन्धी गोष्ठी सम्पन्न

**राजविराज**/सप्तरीको राजविराजमा बाल बजेट बिश्लेषण तथा पैरवी सम्बन्धि गोष्ठी सम्पन्न भएको छ ।

राजविराज नगरपालिका सभाहलमा आयोजित बाल बजेट बिश्लेषण तथा पैरवी सम्बन्धि गोष्ठीमा स्थानिय सरकार बालबालिकाको क्षेत्रमा बिनियोजन गरिएको कार्यक्रम, बजेट तथा खर्चको लेखाजोख सम्बन्धि चर्चा गरिएको छ ।

राजविराज नगरपालिकाका उपप्रमुख साधना झाको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल सरकारको बजेट निर्माण प्रकृया र बिश्लेसन बारेमा जानकारी, बालबालिकालाई स्थानिय सरकारद्धारा बिनियोजन गरिएका कार्यक्रम तथा बजेटको बारेमा जानकारी आदान प्रदान गर्ने लगायतका उद्देश्य राखेर कार्यक्रम गरिएको सेभ द सप्तरीका सुपरभाइजर राजिव चौधरीले जानकारी दिए ।

सेभ द चिल्ड्रेनको सहयोग तथा सेभ द सप्तरीले आयोजना गरेको राजविराज नगरपालिकाका प्रमुख प्रंशासकिय अधिकृत मदन प्रसाद थापाको प्रमुख अतितिमा सम्पन्न भएको कार्यक्रममा बाल बजेट बिश्लेषण गर्न समिति समेत गठन गरिएको छ ।

राजविराज नगरपालिका लेखा अधिकृत उमाशंकर यादवको संयोजक्तवमा स्वास्थ्य संयोजक निरन्जन यादव, महिला तथा बालबालिका जेष्ठ नागरिकका अनिता चौधरी र सेभ द सप्तरीका फिल्ड अधिकृत ललिता मण्डल सदस्य रहेका छन् ।

उक्त समितिले आर्थिक बर्ष २०७५/०७६ देखि २०७७/०७८ बिनियोजित आर्थिक बजेटको बालबालिकाको ४ वटै क्षेत्रको बारेमा जानकारी लिने छ । साथै बाल बजेट बिनियोजन तथा खर्चको लेखा जोखा गरि प्रतिवेदन तयार गर्ने फिल्ड अधिकृत ललिता मण्डलले जानकारी दिइन् ।

उक्त कार्यक्रममा शिक्षा शाखाका अधिकृत भोगेन्द्र प्रसाद यादव, सेभ द सप्तरीका कार्यक्रम संयोजक गोपाल प्रसाद चौधरी, फिल्ड अधिकृत ललिता मण्डल, सुपरभाइजर राजिव चौधरी र समुदायिक परिचालक रामु यादवको उपस्थित रहेको थियो ।

# कृषक समूहलाई कृषि सामग्री बितरण

**राजविराज**/सेभ द सप्तरीले सप्तरीको दक्षिणी भेगका दलित कृषक समूहलाई कृषि सामग्री बितरण गरेको छ ।

सेभ द चिल्ड्रेनको सहयोग तथा सेभ द सप्तरीले राजविराजमा आयोजना गरेको कार्यक्रममा १२ वटा कृषक समूहलाई लहरेवालीको लागि बिभिन्न सामग्रीहरु बितरण गरिएको सेभ द सप्तरीका कृषि प्राबिधिक रामकुमार साहले जानकारी दिएका छन् ।

जिल्लाको दक्षिणी भेगका छिन्नमस्ता गाउँपालिका वडा नं. ३, २, ५, ६, ७ र तिलाठी कोइलाडी गाउँपालिका वडा नं. २, ४, ५, ७, राजविराज नगरपालिकाका वडा नं. १४ तथा बिष्णुपुर गाउँपालिकाका करिब २ सय ६ जना सदस्यलाई कृषि बालिसहितका बिभिन्न सामग्रीहरु सेभ द सप्तरीका कार्यक्रम संयोजन गोपाल प्रसाद चौधरीले बितरण गरेका हुन् ।

कृषि प्राबिधिक साहका अनुसार करिब १ लाख ७५ हजार मुल्य बराबरको १२ वटा कृषक समूहलाई लहरेवालीको लागि फर्सीको बिउँ २ सय ६ प्याकेट, फङगी पलाको बिउँ २०६ प्याकेट, लौकाको बिउँ ४७ प्याकेट, सबै सदस्यका लागि लौका बिउँ २ केजी, स्पेयर २ थान बितरण गरिएको छ ।

त्यस्तै तिलाठी कोइलाडी वडा नं. ७ र छिन्नमस्ता गाउँपालिका २ का कृषक समूहलाई ४४ थान हजारी प्रत्येक सदस्यलाई समेत सेभ द सप्तरीका सचिव नरेन्द्र यादवको अध्यक्षतामा कृषि सामग्री बितरण गरिएको थियो ।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोवर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*